# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० अंक २९८ काठमाडौं सोमबार, १४ फागुन २०८० Prabhab National Daily Monday, February 26, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


# कार्यसम्पादनमा खस्किँदै प्रदेश

- संघीयता विरोधीको तारो बनेको बेला कार्यसम्पादन मूल्यांकनमा प्रदेशहरु कमजोर देखिए
- मधेस प्रदेशले अघिल्लो वर्षभन्दा केही सुधार गरेको देखिएको छ भने लुम्बिनी अघिल्लो वर्षभन्दा आधा नै कमजोर
- विकास खर्चको तुलनात्मक तथ्यांकमा भने संघभन्दा प्रदेश सरकार अघि

| प्रदेश | २०७९/८० | २०७८/७९ |
|---|---|---|
| कोशी | ३०.८९ | ४४.८९ |
| मधेस | २२.३१ | २०.५ |
| बागमती | २७.२९ | ३६.१ |
| गण्डकी | २३.०७ | ३८.५ |
| लुम्बिनी | १६.९९ | ३४.४ |
| कर्णाली | २०.९८ | २५.९ |

**पछिल्लो दुई आर्थिक वर्षको कार्यसम्पादन मूल्यांकनमा प्रदेशहरूले प्राप्त गरेको अंक।**

*स्रोत: राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रदेश सरकारको पछिल्लो आर्थिक वर्षको कार्यसम्पादन खस्कँदो देखिएको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले जारी गरेको गत आर्थिक वर्ष २०७९/८० को कार्यसम्पादन मूल्यांकन प्रतिवेदनमा अघिल्लो वर्षभन्दा पनि प्रदेश सरकारको प्रदर्शन कमजोर देखिएको हो। संघीयता विरोधीको तारो बनेको बेला कार्यसम्पादन मूल्यांकनमा प्रदेशहरू कमजोर देखिएका छन्।

गत वर्षझैं कोशी अघिल्लो वर्ष पनि कार्यसम्पादनमा अघि नै देखिएको छ। कार्यसम्पादन मूल्यांकनमा कोशीले ३०.७९ अंक प्राप्त गरेको छ। अघिल्लो आवमा कोशीले ४४.३ अंक प्राप्त गरेको थियो।

आयोगले कार्यसम्पादन विभिन्न सूचकांकका आधारमा कार्यसम्पादन मूल्यांकन गर्दा बागमती प्रदेश दोस्रो स्थानमा देखिएको छ। बागमतीले गत आवको कार्यसम्पादनमा २७.२९ अंक पाएको छ। अघिल्लो आवमा बागमतीले ३६.१ अंक पाएको थियो। गण्डकी प्रदेश पनि गत आवमा २३.०७ अंकमा सीमित भएको छ। अघिल्लो आवमा गण्डकीको कार्यसम्पादन अंक ३८.५ थियो। मधेस प्रदेशले यसपटक अघिल्लो वर्षभन्दा केही सुधार गरेको देखिन्छ। अघिल्लो आवमा २०.५ अंक पाएको मधेसले गत आवमा भने २२.३१ अंक पाएको छ।

सुदूरपश्चिमले २१.०८ अंक पाउँदा कर्णालीले कार्यसम्पादनमा २०.०८ अंक पाएको छ। गत आवको मूल्यांकनमा लुम्बिनी प्रदेश यो सूचीमा पुच्छारमा पुगेको छ। अघिल्लो आवमा लुम्बिनीको कार्यसम्पादन अंक ३४.४ थियो। गत आवको मूल्यांकनमा लुम्बिनीको कार्यसम्पादन अत्यन्तै कमजोर १६.९९ अंक देखिएको छ। कार्यसम्पादन मूल्यांकनबाट प्राप्त अंकका आधारमा अघिल्लो आवमा कर्णाली प्रदेश अन्तिममा परेको थियो।

## के आधारमा मूल्यांकन ?

'प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्यांकन कार्यविधि, २०७८' का आधारमा मूल्यांकन गरेर राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेशलाई यस्तो अंक दिइने गरेको छ। कार्यसम्पादनबाट प्राप्त अंकका आधारमा प्रदेश तथा स्थानीय तहले संघीय सरकारबाट पाउने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने कानुनी प्रावधान छ।

प्रदेशले स्थानीय तहलाई प्रदेश कानुनबमोजिम आयोगले तोकेको आधार लागू गरी ससर्त अनुदान प्रदान गरे/नगरेकोलाई मूल्यांकनमा सूचक मानिएको छ। त्यस्तै आर्थिक वर्ष २०७९/८० मा सवारीसाधन करबापत संकलन गरिएको ४० प्रतिशत रकम प्रदेश सरकारले मासिक रूपमा सम्बद्ध स्थानीय सञ्चित कोषमा जम्मा गरे/नगरेको, आर्थिक वर्ष २०७९/८० को विनियोजित बजेटअनुसार खर्चको अवस्था, उक्त आर्थिक वर्षमा प्रदेशले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्थालगायतलाई मूल्यांकनको सूचक मानिएको छ।

स्थानीय तहले समयमै बजेट ल्याए/नल्याएको हेरिएको छ भने घरजग्गा रजिस्ट्रेसन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन करबापत उठेको रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई मासिक रूपमा दिए/नदिएको, स्थानीय तहले आगामी आवको आयव्ययको प्रक्षेपणसहितको अनुमानित विवरण पुस मसान्तभित्र अर्थ मन्त्रालयमा पठाए/नपठाएको, स्थानीय तहलेसमेत बजेटको वार्षिक समीक्षा कात्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको जस्ता आधारलाई सूचक मानिएको छ। (**क्रमशः पृष्ठ २ मा**)

१५ वैशाखमा उपनिर्वाचन

# सुवास नेम्बाङको उत्तराधिकारी को ?

- एमालेबाट सुवासकै छोरा सुहाङसहित उमेश गुरूङ, रवीन्द्र सुवेदी र गणेश बराल आकांक्षी
- कांग्रेसबाट डम्बर खड्का, भेषराज आचार्य र केशव थापा आकांक्षी
- पत्रकार मिलन लिम्बू चुनावी मैदानमा उत्रिँदै
- इलाम-२ का उपनिर्वाचनमा गठबन्धन नहुने सम्भावना




■ **जेबी योञ्जन**

**काठमाडौं-** संविधानसभा अध्यक्षसमेत रहेका प्रतिनिधिसभा सदस्य सुवासचन्द्र नेम्बाङको निधनपछि रिक्त इलाम-२ मा प्रतिनिधिसभा सदस्य चयनका लागि आगामी १५ वैशाखमा उपनिर्वाचन हुँदै छ। उपनिर्वाचनमा एमालेले सुवासकै छोरा सुहाङलाई उम्मेदवार बनाउने तयारी गरिरहेको छ।

पार्टी अध्यक्ष केपी शर्मा ओली सुहाङलाई उम्मेदवार बनाउन सकारात्मक देखिन्छन्। अवसर पाए उम्मेदवार बन्ने सुहाङको भनाइ छ। सुहाङ अधिवक्तासमेत हुन्।

एमालेबाट उम्मेदवार बन्न युवा नेताहरू उमेश गुरुङ र रवीन्द्र सुवेदी आकांक्षी छन्। गुरुङ एमाले इलाम सचिव र सुवेदी उपसचिव हुन्। जिल्ला समन्वय समितिका पूर्वप्रमुख गणेश बराल पनि आकांक्षी छन्। अर्का नेता उदय राई पनि उम्मेदवार हुने दौडधुपमा छन्। तर, उम्मेदवारको टुंगो लाग्न भने बाँकी छ।

यस क्षेत्रमा दिवंगत नेता नेम्बाङ अढाइ दशकसम्म अविच्छिन्न जनप्रतिनिधि भएका थिए। गत वर्षको ४ मंसिरमा भएको निर्वाचनमा सत्ता गठबन्धनबाट उम्मेदवार बनेका नेपाली कांग्रेसका इलाम सभापति डम्बर खड्कालाई झिनो मतान्तर (११४ मत)ले पराजित गरेका थिए। नेम्बाङले ३० हजार २० मत र डम्बरले २९ हजार ९०६ मत पाएका थिए।

कांग्रेसका डम्बरलाई त्यसबेला नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा)को समर्थन थियो। समानुपातिकमा माओवादीले पाँच हजार १५३, जसपाले ९०६ र एकीकृत समाजवादीले ५८६ मत प्राप्त गरेका थिए। यी तीन दलको कूल मत छ हजार ६४५ हो।

हालै सम्पन्न कांग्रेस महासमिति बैठकमा गठबन्धन नगर्ने विषय जोडले उठ्यो। यदि, गठबन्धन नगरिए कांग्रेसलाई इलाम-२ मा चुनाव जित्न असहज हुने देखिएको छ। किनभने माओवादी, एकीकृत समाजवादी र जसपाको साढे छ हजार मत कांग्रेस उम्मेदवारले पाउने छैनन्। जसको क्षति चुनावी नतिजामा पर्न सक्छ।

तैपनि कांग्रेसबाट डम्बरका अलवा नेताहरू केशव थापा र भेषराज आचार्य पनि आकांक्षी देखिएका छन्। उम्मेदवार बन्ने बढी सम्भावना भने डम्बरकै रहेको चर्चा छ। तर, गठबन्धनविना डम्बर होस् या अन्य कुनै कांग्रेसी उम्मेदवारलाई चुनावी नतिजा आफ्नो पक्षमा पार्न मुस्किल पर्ने अवस्था छ।

सत्ता नेतृत्व दल नेकपा माओवादी केन्द्रका कोशी प्रदेश अध्यक्ष हर्कबहादुर नेम्बाङले माओवादी एक्लै चुनावी प्रतिस्पर्धामा हुने बताइसकेका छन् । 'हाम्रो आफ्नो हैसियत थाहा पाउन पनि चुनाव एक्लै लड्नुपर्ने देखियो। लड्ने तयारीमा जुटिसक्यौं। यसका लागि अस्तिको राष्ट्रिय सभा चुनावको नतिजाले पनि दबाब दियो।'

हालै सम्पन्न राष्ट्रिय सभा निर्वाचनमा माओवादीकी चम्पादेवी कार्कीले कांग्रेसका सांसद र स्थानीय तहका जनप्रतिनिधिले धोका दिँदा चुनाव हारेकी थिइन्। त्यसपछि रुष्ट माओवादी एक्लै चुनाव लड्ने पक्षमा उभिएको हो। (**क्रमशः पृष्ठ २ मा**)

## मतदाता नामावली दर्ता स्थगित

उपनिर्वाचन हुने इलाम-२ र बझाङ प्रदेश-१ मा मतदाता नामावली दर्ता कार्य स्थगित भएको छ। निर्वाचन आयोगले उपनिर्वाचनको मिति तोकेपछि मतदाता नामावली दर्ता कार्य स्थगित गरेको हो।

आयोगका प्रवक्ता थानेश्वर भुसालका अनुसार निर्वाचनको मिति तोकिएपछि मतदाता नामावली दर्ता नगर्ने कानुनी व्यवस्था भएका कारण आयोगले आइतबारदेखि नै मतदाता नामावली दर्ता स्थगित गर्ने निर्णय गरेको हो।

'मतदाता नामावली ऐन, २०७३ को दफा ४ को उपदफा (२) (२) बमोजिम निर्वाचनको मिति घोषणा भइसकेपछि सो निर्वाचन प्रयोजनका लागि मतदाता नामावलीमा नाम दर्ता नहुने व्यवस्था भएकोले हाल नियमित रूपमा भइरहेको मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्य अर्को व्यवस्था नभएसम्मका लागि स्थगन गर्ने निर्णय भएको छ,' विज्ञप्तिमार्फत उनले भने।

**सन्दर्भ: वैदेशिक रोजगार**

# कुवेतमा सुरक्षित आप्रवासनसम्बन्धी 'श्रमिक सचेतना' कार्यक्रम

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** कुवेतस्थित नेपाली दूतावासले कुवेतको श्रम बजार, विप्रेषण तथा सुरक्षित आप्रवासनसम्बन्धी 'श्रमिक सचेतना' कार्यक्रम सञ्चालन गरेको छ। कुवेतमा कार्यरत नेपाली श्रमिकहरूमाझ सुरक्षित, मर्यादित र उपलब्धिमूलक वैदेशिक रोजगारीका सम्बन्धमा सचेतना फैलाउने उद्देश्यले उक्त अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको दूतावासले जनाएको छ।

कुवेत रोजगारीको बहुआयामिक पक्षहरूको जानकारी प्रदान गरी नेपाली श्रमिकहरूका लागि फलदायी बनाउने उद्देश्यले श्रमिक सचेतनासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको दूतावासले उल्लेख गरेको छ। उक्त कार्यक्रममा कुवेतका गैरआवासीय नेपाली संघसहित विभिन्न नेपाली संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको बताइएको छ।

कार्यक्रममा सहभागीहरूले दूतावासको सेवा प्रवाह, यसमा देखिएका कठिनाइ, समाधानको उपाय तथा कुवेतमा रोजगारको सिलसिलामा नेपाली श्रमिकले भोग्नुपरेका विभिन्न समस्याहरूको सम्बन्धमा विविध विषयहरू उठान गरेका थिए। साथै महिला घरेलु कामदारको समस्या, प्रोजेक्ट भिसाका प्राविधिक कठिनाइ तथा सामान्य सेवाग्राहीको गुनासो सुनुवाइ हुन नसकेको जस्ता भनाइ राखेका थिए।



सहभागीहरूले उठाएको विषयलाई सम्बोधन गर्दै राजदूत घनश्याम लम्सालले कुवेतमा कार्यरत नेपाली श्रमिकहरूलाई दूतावासबाट प्रदान गरिने विभिन्न सेवा प्राथमिकताका साथ सरल, शीघ्र एवं प्रभावकारी ढंगबाट प्रवाह गर्दै आएको बताए। 'नेपाली श्रमिकहरूका प्रतिनिधि तथा श्रमिकहरूसँग निकटतम रूपमा छलफल गरी गुनासो सुन्ने र छलफलपश्चातेको निष्कर्षबाट समस्याको समाधान गर्न दूतावास सदैव तयार छ,' राजदूत लम्सालले भने, 'केही समस्या देखिए श्रमिक तथा प्रतिनिधिहरूसँग आगामी दिनमा पुनः छलफल तथा अन्तरक्रिया गरी सेवा प्रवाहमा प्रभावकारी सुधार गर्न सकिन्छ।' यस्ताखाले कार्यक्रम आगामी दिनमा पनि निरन्तर गरिने बताउँदै उनले दूतावासको सेवा प्रवाहमा देखिएका समस्या सुधार गर्न प्राप्त सुझाव सल्लाह महत्त्वपूर्ण हुने उल्लेख गरे। पछिल्लो समय राहदानी नवीकरण सेवालाई सहजीकरण गर्दै लगेको दूतावासले इराकमा रहेका नेपालीहरूको राहदानी नवीकरणको सम्बन्धमा पनि गम्भीर रहेको जनाएको छ।

सचेतना कार्यक्रममा कुवेतमा काम गरिरहेका वा काम गर्न आउने श्रमिकहरूले गर्न हुने र नहुने गतिविधिका बारेमा प्रस्तुतिसमेत दिइएको थियो। विशेषगरी कुवेतको श्रम कानुनका प्रमुख पक्षहरू, विप्रेषण साक्षरता, सामाजिक सञ्जालको संयमित प्रयोग तथा नेपाली दुतावासबाट प्रदान गरिने सेवाहरू, अध्यागमन कानुनका सम्बन्धमा श्रम काउन्सेलर सुजनी रानाले प्रस्तुति दिएकी थिइन्। यसैगरी श्रम सहचारी श्री गिरीप्रसाद आचार्यले सामाजिक सुरक्षा कोषमा श्रमिकको आबद्धता, टेलिमेडिसिन सेवा, वैदेशिक रोजगार बोर्डबाट श्रमिकहरूलाई प्रदान गरिने सुविधालगायत श्रमका विविध विषयमा जानकारी दिएका थिए।

यता सामाजिक सञ्जालमा भने दूतावासले आयोजना गरेको श्रमिक सचेतना कार्यक्रममा श्रमिकहरूलाई नै सहभागी नगराएको भन्दै चर्को आलोचना भएको छ। कुवेतमा प्राप्त हुने न्यून तलब (७५ केडी), घरेलु श्रमिकमाथि हुने शोषण, बिचौलिया निषेधलगायतका विषयमा दूतावास मौन रहेको र श्रमिकका प्रतिनिधि भन्दै केही सुकिलामुकिलाहरूलाई मात्र कार्यक्रममा निम्त्याइएको आरोप लगाइएको छ। साथै 'न्यु अराइभल' राजदूत भन्दै श्रमिकहरूको खास मर्का र साझा मुद्दामाथि सम्बोधन गर्न आग्रह गरिएको छ।

# मापदण्डअनुसार सञ्चालन नभएका ७० स्वास्थ्य संस्था बन्द

**काठमाडौं (प्रस)**-काठमाडौं- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा जाने कामदारको मेडिकल परीक्षण गर्दै आएका ७० स्वास्थ्य संस्थाको सेवा हालका लागि बन्द गर्ने निर्णय गरेको छ।

मन्त्रालयले गत माघ १२ गते सूचना जारी गरी मापदण्ड पूरा गर्न निर्देशन दिएको थियो। सोअनुसार हुन नसकेपछि सेवा बन्द गरिएको मन्त्रालयले जनाएको छ। मन्त्रालयले गत भदौ १२ देखि सुरु गरेको अनुगमनका क्रममा यी संस्थाहरूले मापदण्ड पूरा नगरेको पाइएको थियो।

मन्त्रालयले २१३ वटा स्वास्थ्य संस्थाको अनुगमन गरेको थियो। सोमध्ये ६७ वटा स्वास्थ्य संस्थालाई तोकिएको मापदण्ड पूरा गर्न एक महिनाको समय दिइएको छ। मन्त्रालयमा २१५ स्वास्थ्य संस्था दर्ता भएकामध्ये तीनले नवीकरण गरेका छैनन्।

वैदेशिक रोजगार ऐन, नियमावली तथा वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि २०७२ बमोजिम अनुगमन सुरु गरिएको थियो। अनुगमन तथा निरीक्षण टोलीले काठमाडौं उपत्यकाभित्र र उपत्यका बाहिर रहेका स्वास्थ्य संस्थाको अनुगमन तथा निरीक्षण गरेको थियो। (**क्रमशः पृष्ठ २ मा**)




## पृष्ठ १ बाट क्रमशः

### कार्यसम्पादनमा...

आन्तरिक राजस्व संकलनको प्रक्षेपित लक्ष्य, आन्तरिक राजस्व संकलनको विवरण, स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) को प्रयोगलगायत पक्षलाई पनि हेरिएको छ । स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र स्थानीयस्तरको विकासका लागि आवधिक योजना तर्जुमा गरे/नगरेकोलाई पनि मूल्यांकन सूचक मानिएको छ । स्थानीय तहमा विद्यालय भर्ना भएका बालबालिकाको संख्या, सामुदायिक विद्यालयले एसइईमा ल्याएको ग्रेडिङ, गर्भ जाँच, प्रसूति संख्या, बालबालिकाको संख्या, पूर्ण खोप पाएका बालबालिकाको संख्यालाई समेत सूचकमा राखिएको छ ।

### विकास खर्चमा प्रदेश अगाडि

प्रदेशको पुँजीगत खर्चको रफ्तार भने निकै राम्रो देखिन्छ । विकास खर्चको तुलनात्मक अध्ययनमा संघभन्दा प्रदेश सरकार अघि देखिन्छन् । आर्थिक वर्ष २०७९/८० को पुँजीगत खर्चको तस्बिरले संघभन्दा प्रदेश अघि देखाउँछ ।

महालेखा नियन्त्रकको कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० का लागि संघीय सरकारले कूल १७ खर्ब ९३ अर्ब ८३ करोड रूपैयाँ बजेट ल्याएको थियो । उक्त आवमा संघले चालु शीर्षकमै १० खर्ब ६ अर्ब खर्च गर्‍यो । जबकि पुँजीगत शीर्षकमा जम्मा दुई खर्ब तीन खर्ब ३२ अर्ब मात्र खर्च गर्‍यो ।

कोशी प्रदेशमा गत आवमा प्रशासनिक खर्च १२ अर्ब भएको देखिन्छ । यहाँको पुँजीगत खर्च १८ अर्बभन्दा बढी छ । यसैगरी मधेसमा १६ अर्ब पुँजीगत खर्च भएको तथ्यांकले देखाउँछ ।

यता बागमतीमा पनि चालु खर्च १८ अर्ब हुँदा पुँजीगतमा २८ अर्बभन्दा बढी खर्च भएको देखिन्छ । हरेक प्रदेशमा पुँजीगत खर्चको दर बढी देखिन्छ । सातवटै प्रदेशमा चालु बजेटको खर्च दर ३० प्रतिशत देखिन्छ भने पुँजीगत खर्च ५० प्रतिशतभन्दा माथि छ ।

प्रशासनिक खर्चमा कर्मचारीदेखि प्रदेशसभा र मन्त्रिपरिषद्को खर्च पनि समेटिन्छ । प्रदेशसभाका मन्त्री र सांसद नै विरोधीको मुख्य तारो बनेको देखिन्छन् । सात प्रदेशमा ५५० जना प्रदेशसभा सदस्य छन् । प्रदेश सांसदले ४५ हजारदेखि ५२ हजारसम्म तलब प्रतिमहिना पाउँछन् ।

प्रदेशको प्रशासनिक खर्च बढ्नुमा संघले पठाएको कर्मचारी पनि कारण भएको बताउँछन् पूर्वराजदूत विजयकान्त कर्ण । प्रदेश बनेसँगै बजेट जान थालेपछि विकासको गति बढेको बुझाइ कर्णको छ । प्रदेश खर्चिलो मात्र भयो भन्ने तर्कसँग उनी पूर्ण सहमत छैनन् ।

'पहिले विकास क्षेत्र, अञ्चल र जिल्लागत संरचना थिए । स्थानीय निकाय चार हजार हाराहारीबाट अहिले ७५३ स्थानीय तहमा खुम्चिएका छन् । त्यही संरचना प्रदेश पुगेका छन्,' पूर्वराजदूत कर्णले भने ।

■■■

### सुवास नेम्बाङको...

त्यहाँबाट माओवादीले पत्रकार मिलन लिम्बूलाई उम्मेदवार बनाउने तयारी गरेको छ । यसअघि लिम्बू राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार बन्ने चर्चा थियो । हालसम्म उनले कुन दलबाट चुनाव लड्ने खुलाएका छैनन् । तर, उनी चुनावमा भने होमिइसकेका छन् । उनले आइतबार फेसबुकमा स्टाटस लेख्दै भने, 'मैदान- वैशाख १५ ।'

उनी चुनवाकेन्द्रित गतिविधिमा सक्रिय भइसकेका छन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीलाई भेटेर 'इलाम-सिंहदरबार' जोड्ने अभियान भन्दै लिम्बू जातिको सामाजिक संस्था किरात याक्थुङ चुम्लुङको तर्फबाट ज्ञापनपत्र बुझाएको तस्बिर सार्वजनिक गरेका छन् । यस क्षेत्रमा जातिगत रूपमा लिम्बू जातिको बाहुल्यता छ । स्थानीयवासीसमेत रहेका लिम्बू पछिल्लो समय दृष्टि साप्ताहिकका सम्पादक छन् । स्रोतका अनुसार उनी माओवादी केन्द्रबाटै उम्मेदवार बन्ने सम्भावना छ ।

कांग्रेस प्रदेश सभापति उद्धव थापाले भने उपनिर्वाचन गठबन्धन दलहरू मिलेरै लड्ने दाबी गरे । 'यो गठबन्धन पाँच वर्ष नै कायम राख्ने भन्ने हो । नेताहरूबीच भएको समझदारी यही हो,' उनले भने, 'त्यही भएर गठबन्धनमा दायाँबायाँ हुँदैन । मिलेरै लड्ने हो चुनाव ।'

यस क्षेत्रमा गत निर्वाचनमा यहाँ रास्वपाका उम्मेदवार प्रकाश सापकोटाले एक हजार ३८० मत पाएका थिए । मंगोल नेसनल अर्गनाइजेसनका उम्मेदवार मनिबहादुर लिम्बूले एक हजार ३६३, राष्ट्रिय जनमुक्ति पार्टीका उम्मेदवार खड्गप्रसाद पालुङ्वाले एक हजार २७२ मत र जसपाका उम्मेदवार यामप्रसाद लिम्बूले ७२४ मत पाएका थिए । कुमार लिङ्देन नेतृत्वको संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका उम्मेदवार गोविन्द लिम्बूले ६८४ मत र राप्रपा उम्मेदवार गणेश दुलालले ५१० मत पाएका थिए ।

यस क्षेत्रमा २०५६ पछि हरेकपटक एमालेबाट सुवासचन्द्र नेम्बाङले चुनाव जितेका थिए । यहीँको जनमतले संसद् आइरहने नेम्बाङ पुनःस्थापित प्रतिनिधिसभाका सभामुख र संविधानसभाका अध्यक्ष भए ।

### बझाङ प्रदेश-१ पनि उपनिर्वाचन

सवारी दुर्घटनामा परी ज्यान गुमाएका सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री पृथ्वीबहादुर सिंहको चुनाव क्षेत्र बझाङ-१ पनि उपनिर्वाचन हुँदै छ । गत ६ जेठमा मन्त्री भएपछि पहिलोपटक चुनाव क्षेत्र जाँदै गर्दा सवारी दुर्घटनामा परी मन्त्री सिंहको मृत्यु भएको थियो । सिंहको मृत्युपछि सांसदविहीन त्यस क्षेत्रमा उपनिर्वाचन गर्ने निर्वाचन आयोगले आइतबार निर्णय गरेको हो ।

गत वर्षको ४ मंसिरमा भएको चुनावमा उनले गठबन्धनबाट चुनाव जितेका थिए । १२ वर्षसम्म बझाङ कांग्रेसको सभापति बनेका उनले चुनावमा एमालेका उम्मेदवार अफिलाल ओखेडालाई तीन हजार ३६९ मतान्तरले पराजित गरेका थिए ।

■■■

### मापदण्डानुसार ...

मन्त्रालयमा सूचीकृत स्वास्थ्य संस्थाहरूले कामदारको स्वास्थ्य परीक्षणविना नै 'मेडिकल रिपोर्ट' तयार गरी कामदारलाई दिने गरेको अनुगमनका क्रममा पाइएको छ । यी संस्थाहरूमा कर्मचारी र उपकरण पर्याप्त नभएको र परीक्षण नै नगरी प्रतिवेदन दिने गरेको पाइएको छ ।

वैदेशिक रोजगारीका लागि विभिन्न मुलुक जाने कामदारले अनिवार्यरूपमा स्वास्थ्य परीक्षण गर्नुपर्ने व्यवस्था छ । नेपालबाट जाने नेपाली कामदारको गन्तव्य मुलुकमा पुगेपछि स्वास्थ्य परीक्षण गरिन्छ । गन्तव्य मुलुकमा पुगेपछि स्वास्थ्यमा समस्या भएर फर्कनुभन्दा नेपालमा नै स्वास्थ्य परीक्षण गर्ने गरिएको हो । मन्त्रालयमा दर्ता भएका यस्ता स्वास्थ्य संस्थाका लागि मन्त्रालयले पूर्वाधारको मापदण्डसमेत तोकेको छ ।

मन्त्रालयमा सूचीकृत संस्थामा समस्या देखिएपछि गन्तव्य मुलुकले आफ्नै मुलुकको मापदण्डानुसार स्वास्थ्य संस्था छनोट गर्न थालेका छन् । यसमध्ये मलेसियाले रोजगारीका लागि मलेसिया जाने नेपाली कामदारको स्वास्थ्य परीक्षणका लागि ३६ वटा संस्था छनोट गरेको छ । साउदी अबरले १९ वटा संस्था तोकेको छ । कतारले कतार भिसा सेन्टरबाट नै सबै प्रक्रिया पूरा गर्दै आएको छ । भने इजरायलले चार र कोरियाले तीनवटा यस्ता स्वास्थ्य संस्था तोकेको छ । *रासस*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAQAA AL KHALEEJ TRADING CONTRACTING & SERVICES WLL

पूर्व स्वीकृति मिति २०८०/११/१३ LT. No. 300535 चलानी नं. ६०२१५४६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Gen | 0 | 1 | 3600 | १३१,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Clean Worker | 0 | 16 | 1000 | ३६,५०० | | | | | | | |
| 3 | Labour | 13 | 0 | 1000 | ३६,५०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० फागुन २१ गते (4th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९५४/०६७/६८

VARSHA MANPOWER PVT. LTD.

(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : STERLING ENGINEERING W L

पूर्व स्वीकृति मिति २०८०/११/११ LT. No. 300538 चलानी नं. ६०२१५४७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 1 | 0 | 1100 | ४०,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 2 | 0 | 1100 | ४०,१५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० फागुन २१ गते (4th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAAD OVERSEAS PVT.LTD.

श्रम ईजाजत नं. 1587/079/80

Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ELAF SAUDI COMPANY LIMITED

पूर्व स्वीकृति मिति २०८०/११/११ LT No: 300505 चलानी नं. ६०२१५४३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1000 | ३५,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० फागुन २१ गते (4th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.

Govt. License 1342/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094

Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAGIC CLEAN SOLUTION SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/०४/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१३ LT. No. 290538 चलानी नं. ६०२०६०४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Service Worker. | 15 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० फागुन १ गते (13th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

White Horse International Pvt. Ltd.

Govt. License 966/067/68

Tinkune, Kathmandu, Nepal, Tel No: 014782040



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OMAR KHALED AL-SHARRAH GENERAL TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८०/११/११ LT No.300513 चलानी न ६०२१५४०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOR (Loading And Unloading) | 4 | 0 | 100 | ४३,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | LABOR | 2 | 0 | 135 | ५८,४०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० फागुन २१ गते (4th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले सेवा शुल्क - १०,०००।-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

नोट : कर्मचारी आवश्यकता Documentations (04)
Office manager (02)

Dubai Overseas International Pvt. Ltd.

श्रम ईजाजत नं. ७५१/०६४/०६५

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351

Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com


सुदूर पश्चिम प्रदेश सरकार
सामाजिक बिकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## महाकाली प्रादेशिक अस्पताल

महेन्द्रनगर, कञ्चनपुर

## बोलपत्र स्वीकृती सम्बन्धी आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८०/११/१४ (26th Feb 2024)**

यस अस्पतालबाट निम्न लिखित ठेक्काका लागि प्रकाशित बोलपत्र आह्वान सूचना अनुसार EGP मार्फत दाखिला हुन आएका आर्थिक बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजन र सोही ऐनको दफा २७ को उपदफा २ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र आह्वानको सूचना प्रकाशित मिति | कामको बिवरण र ठेक्का नम्बर | बोलपत्र मुल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र | कबोल अंक (मु.अ.कर बाहेक र PS सहित) |
|---|---|---|---|
| 2080/09/13 | Construction works (first floor) of emergency block at Mahakali Provincial Hospital Kanchanpur Con.NoMPH/Kanchanpur/work/NCB/01-080/081 | National Construction Pvt. Ltd Mahendranagar, Kanchanpur | 13352041.00 |

मेडिकल सुपरिटेण्डेन्ट

Government of Nepal (GoN)
Ministry of Energy, Water Resource & Irrigation
Department of Water Resource & Irrigation

## Bheri Corridor Irrigation and River Management Project

Gurvakot, Surkhet

## Notice for Financial Bids Opening

**Date of Publication: 14th Falgun, 2080 (26th Feb.,2024)**

Pursuant to **Rule 31(Ja), Sub-Rule (5)** of Public Procurement Regulation, 2064 (including Amendments), this is hereby notified to all concerned bidders who bid as per our notice having **Contract ID: 02/BCIRMP/NCB/RTW/2080/81** published in the Madhyanna Daily dated **2080/09/17 (2nd Jan, 2024)** and the details of Technical Re-evaluation of the contract is mentioned below and hence to attend in Financial Bid Opening.

**Detail of Technical Evaluation:**

| S.N. | Contract No. | Name of Bidder | Responsive/Non-Responsive | Remarks |
|---|---|---|---|---|
| 1 | 02/BCIRMP/NCB/RTW/2080/81 | Bhagyalaxminirmansewa12 | Responsive | |
| | | Indradhanu Achhaam Nirman Sewa | Responsive | |
| | | MAHAPRABHUDEV-SUNLIGHT J.V. | Responsive | |
| | | Ramechhap-H.B JV | Responsive | |
| | | Sunchhahari Construction Pvt. Ltd. | Responsive | |
| | | S.B.-BISHAL-KAKRE J.V. | Responsive | |
| | | GT/ B & P JV , Surkhet | Responsive | |
| | | Panta-P.L. J.V. | Non-Responsive | |

**Detail of Financial Bid Opening:**

**Place: Bheri Corridor Irrigation and River Management Project, Gurvakot, Surkhet.**

**Date & Time: 21st Falgun, 2080 (4th March,2024), 11:00 AM**

**Project Director**

## Aandhikhola Rural Municipality

## Office of the Rural Municipal Executive

Krishi, Syangja
Gandaki Province, Nepal

## Notice for the Letter of Intent

**First Publication Date : 26th of February, 2024**

Pursuant to Sub Clauses 27.2 of Public Procurement Act 2063 and it's revision, this is to notify all the bidders who submitted their bids for the contract identification No.: ANDH-W-NCB-FM-06-080-81, as per the Invitation for Bids published in the national daily newspaper " Naya Patrika National Daily" on 11th of January, 2024, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract. This notice is published for the purpose of clause 47 of Public Procurement Act 2063 and its revision.

| Contract ID No. | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including P.S. and VAT) |
|---|---|---|
| *ANDH-W-NCB-FM-06-080-81, Upgrading Of Fulbari Fuwase Mahanches Majkatera Road* | SHREE BIDHYAMOHAN ENGINEERING COMPANY PVT.LTD, AANDHIKHOLA-05, SYANGJA | 29,52,281.36 |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### प्रदेशले अधिकार नपाउँदाको परिणाम

संघीयताविरोधीको मुख्य तारो बनेको छ, प्रदेश सरकार। राष्ट्रिय प्रजातन्त्र पार्टी, हिन्दूवादी पार्टीहरूले प्रदेश सरकार कामै नलाग्ने भएको उल्लेख गर्दै खारेज गर्नुपर्ने माग गरिरहेको छ। यही बेला राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले जारी गरेको कार्यसम्पादनमा प्रदेशको प्रस्तुति समग्रमा कमजोर देखिएको छ।

हुन त कार्यसम्पादनमा संघभन्दा अघि नै छ प्रदेश। तर आयोगको कार्यसम्पादन मूल्यांकन रिपोर्ट एकतर्फी हेर्दा प्रदेशको 'पर्फमेन्स' निकै फितलो छ। अघिल्लो वर्षभन्दा गत वर्ष निकै ओरालो लागेको छ कार्यसम्पादन। अघिल्लो वर्ष कोशीको कार्यसम्पादन ४४.३ रहेकोमा यसपालि ३०.७९ प्रतिशतमा झरेको छ।

बागमतीले कार्यसम्पादनमा २७.२९ प्रतिशत पाएको छ। अघिल्लो वर्ष बागमतीको यो नम्बर ३६.१ थियो। गण्डकी प्रदेश पनि गत वर्ष २३.०७ मा झरेको छ। अघिल्लो वर्ष गण्डकीको कार्यसम्पादन नम्बर ३८.५ प्रतिशत थियो। प्रदेश सरकारले संघीय सरकारले अधिकार हस्तान्तरण नगर्दा काम गर्न नपाएको जिकिर गर्दै आएको छ। कार्यसम्पादनमा यो विषय उल्लेख हुने कुरै भएन।

बाहिर निरोगी देखिए पनि मनको पीर कसलाई थाहा भनेझैं अहिले संघीय सरकार अधिकार हस्तान्तरण गर्न तयार नदेखिँदा प्रदेश सरकारको पर्फमेन्स निराशाजनक देखिएको हो। स्थानीय तहको कार्यसम्पादन प्रदेशको भन्दा अघि छ। किनकि स्थानीय तहले आफ्नो अधिकार सजिलै उपयोग गर्न पाइरहेको छ।

प्रदेशका मुख्यमन्त्रीहरू अहिले प्रधानमन्त्री कार्यालय धाउनमै ठीक्क देखिन्छन्। संघीय सरकार मुखले हुन्छ भन्ने तर कार्यान्वयमा नजाने देखिन्छ। प्रहरी समायोजनका लागि हत्ते गर्दा पनि प्रदेशले अधिकार पाएको छैन। नगर र गाउँपालिकाले आफ्नै प्रहरी खटाउँदा प्रदेशले प्रहरीको लाठी चलाउन पाएको छ। 'जिसकी लाठी, उसकी भैंस' भन्ने त उखानै छ। अहिले प्रदेशको हातमा लाठी छैन। उसले प्रशासन चलाउन पाएको छैन। जसकारण कार्यसम्पादनमा निम्छरो देखिएको हो।

तर विकास खर्चमा भने प्रदेश निकै अघि देखिन्छ। त्यसैले कार्यसम्पादन मूल्यांकनकै आधारमा प्रदेशको पर्फमेन्सलाई कमजोर मान्नु हुन्न। विकास खर्चमा अगाडि देखिँदा प्रशासन र प्रहरी नहुँदा प्रदेशले कार्यसम्पादन राम्रो गर्न नसकेको हो। प्रदेशमा मन्त्री र सांसदको संख्या भने पक्कै बढी हो। यसका लागि संविधानमा केही संशोधन गरेर प्रदेश सभा सदस्यहरूको कटौती गर्ने र मन्त्रीको संख्या घटाउन भने पछि पर्नुहुँदैन।

## मनन्योग्य

### चाणक्य नीति

अर्पण गर्नुभन्दा पहिले पाटलीपुत्र (पटना) मा सम्पन्नताको धूमधाम मनाउन प्रतिष्ठित व्यक्तिलाई भोजको निमन्त्रणा दिनू र त्यही अवसरमा सबैलाई ती विषकन्या एकपटक देखाउनु त्यो सुन्दरताको वर्णन महलमा चन्द्रगुप्तसमेतलाई जानकारी होस् विषकन्या आफ्नो अमूल्यनिधि भनी चन्द्रगुप्तलाई उपहार दिनु, तिमी चाँडै जाऊ। हेर ! यी छनक चाणक्यसम्म पुग्नुहुँदैन तिमीले अत्यन्तै बुद्धिमानीसाथ काम गर्नुपर्छ।'

'जस्तो तपाईले भन्नुभो त्यस्तै हुन्छ' भनी जीवाक्ष हिँड्यो। यता पाटलीपुत्र (पटना) मा त्यतिखेरदेखि नै उत्सवको आरम्भ भएको थियो। शहरको विशेष पाहुना घरमा जीवाक्षले काश्मीरी पर्यटक व्यापारी सोमदेव नामले आफ्नो डेरा बनायो। बहुमुल्य भेषभूषा, आश्चार्य लाग्ने ठाँट-बाँटको, अनौठो सँगम थोरै दिनमै सोमदेवको रवाफ बढ्यो।

सहरका ठूलाबडा व्यापारीसँग परिचय बढ्न थाल्यो। कला र सौन्दर्यको पारखी भनी उसले प्रसिद्धि पायो।

बहुमूल्य रत्नको व्यापारीका रूपमा ठूलाठूला मानिसले चिन्न लागे। असीम रूपवतीको संयोगले उसको प्रसिद्धि दुई गुना बढेको थियो।


अन्ततः कौमुदी उत्सव पनि आयो। भोलिपल्ट पूर्णिमा थियो तर राजधानी पाटलीपुत्र आजैदेखि सजिसजाउ भइरहेथ्यो। प्रत्येक हाट, प्रत्येक दुकानदार बढाई चढाई सजावट गर्दथे। नगरसेट आफै सोमदेवलाई निमन्त्रणा दिन आउँथे।

उत्सवको सबै तयारी पूरा भयो। राजमहलको भव्यताल इन्का दरबारसँग प्रतिस्पर्धा गर्दथ्यो। सबैतिर चहलपहल थियो। रंगीविरंगी वस्त्रमा सिँगारिएका दास-दासीहरू सबै आफू आफूमा नै व्यस्त थिए।

आजको सभा राजमहलदेखि बाहिर विशाल आंगनमा मखमली रंगीन सामियानले सुसज्जित बनाइएको थियो, ठूलाठूला तोरण, बीचमा भव्य विशाल सिंहासन, अतिथिका लागि अलग सिंहासन लगाइएको थियो। दरबारमा आउने सामन्त, राजा उच्चपदाधिकारी, नागरिक आई आ-आफ्ना स्थानमा बसेका थिए।

यस्तैमा प्रहरीबाट घोषणा भयो- वीरशिरोमणि सम्राट चन्द्रगुप्त दरवारमा सवारी हुँदैछ। सबै अतिथि आदरसाथ आसनबाट उठे। प्रहरी, सेना अनुशासनसहित अभिवादन गर्न थाले। बिगुलको स्वरले सम्राट्को आगमनलाई सार्थक बनाएको थियो। चन्द्रगुप्त आसनमा बसे। नजिकै उनका सतर्क आँखा सम्पूर्ण दरबारियाको अवलोकन गर्दै थिए। सबैतिर स्तब्ध वातावरण थियो। क्रमश :

# रित्तिन थालेका गाउँ र समृद्धि सपना



▶▶ टिकाराम खड्का

> माओको बाटो र माओवादीले लिएको क्रान्ति नीति फेरिने बहस चलिरहेको छ। तर, तिनै क्रान्तिकारी गाउँ र क्रान्तिकारी चेत उत्पादन गर्ने माटो अब रित्तो र पाखो, जंगल र झाडीमा परिणत हुने क्रममा छ। यसर्थ अब सहर केन्द्रित विद्रोह र गाउँ फर्क अभियानलाई उत्पादनसँग जोडेर आमूल परिवर्तनको संकेत दिन सकिएन भने पहाडी क्षेत्र मानवशून्य हुने र सहरमा ठेलमठेल हुने देखिन्छ।

देशमा अहिले गाउँ-गाउँसम्मै मोटर पुगेको छ। आधारभूत स्वास्थ्य सेवा पुगेको छ। विद्यालय छ। तर, मानिस भेटिन छाडेका छन्। सेवा गुणस्तरको प्रश्नलाई प्रमुख मानेर गाउँ रित्तिएको निष्कर्षमा पुगियो भने त्यो गलत सावित हुन्छ। गाउँ रित्तिनुमा धेरै कारण छन्। जसमध्येको प्रमुख कारण हो, रोजगारी। गाउँमा रोजगारी वा कुनै अवसर सिर्जना गर्ने किसिमले राज्यले योजना बनाउन सकेको छैन। ठूला उद्योगधन्दा, कलकारखाना, कृषि तथा व्यापार व्यवसायजन्य विषय विस्तार हुन सकेको छैन। निर्वाहमुखी कृषिखेतीमा रमिरहेको मध्यम वर्ग अब नयाँ अवसरको खोजीमा सहर पसेको छ। विपन्न र मध्यम वर्ग पनि खाडी मुलुकदेखि विभिन्न मुलुकमा रोजगारीका लागि पुग्ने र त्यहाँ आर्जन गरिएको धनलाई पुँजीकृत गर्नेभन्दा पनि घर खर्च र जीवनस्तरलाई सुकिलो मुकिलो बनाउनेमै उद्धत देखिन्छ।

**दुई जनगणनाको तथ्यांक हेरौं**

राष्ट्रिय जनगणना २०७८ अनुसार तराईमा कूल जनसंख्याको ५३.६१ प्रतिशत अर्थात् एक करोड ५६ लाख ३४ हजार रहेको छ। यस्तै पहाडमा ४०.३१ प्रतिशत (एक करोड १७ लाख ५७ हजार ६२४) र हिमालमा ६.०८ प्रतिशत (१७ लाख ७२ हजार ८४८) जनसंख्या रहेको छ। त्यसअघि जनगणना २०६८ अनुसार तराईमा ५०.२७ प्रतिशत (एक करोड ३३ लाख १८ हजार ७०५), पहाडमा ४३.०१ प्रतिशत (एक करोड १३ लाख ९४ हजार) र हिमाली क्षेत्रमा ६.७३ प्रतिशत (१७ लाख ८१ हजार ७९२) रहेको थियो।

यो तथ्यांकलाई तुलना गर्ने हो पछिल्ला १० वर्षमा पहाड छाड्नेहरू २.७ प्रतिशत र हिमाल छाड्ने ०.६५ प्रतिशत रहेको देखिन्छ। तर, पछिल्लोपटकको जनगणनामा जो जहाँ छ त्यहीँबाट तथ्यांक संकलन गरिएको हो। गाउँमा परिवारका सदस्य को-को छन् भनेर तथ्यांक संकलन गर्नेदेखि सहरमासमेत गाउँबाट आएकाहरूको तथ्यांक संकलन गरेर यसलाई स्थायी बसोबासको आधारमा मिलान गरिएको छ। यसले के संकेत गर्दछ भने पहाडी क्षेत्रको जनसंख्या घट्दोक्रममा छ र तराई केन्द्रित बन्दै छ। देशै छाड्नेहरूको संख्याको त कुरा नै फरक छ। जनसंख्या वृद्धिदरसमेत ठूलो मात्रामा नदेखिएको बेला यस्तो आँकडा देखिनु संकटको प्रारम्भिक संकेत पनि हो।

अध्यागमन विभागका अनुसार सन् २०२३ मा स्थायी बसोबास अनुमति (पिआर) लिएर विभिन्न १०९ देश पुग्ने नेपालीको संख्या ७१ हजारभन्दा बढी रहेको छ। अस्थायी बसोबास अनुमति लिएर विदेश यात्रा गर्नेहरूको संख्या ९२ हजारभन्दा बढी रहेको तथ्यांक छ। सन् २०२३ मा स्थायी र अस्थायी बसोबासको अनुमतिपत्रसहित नेपाल छाड्नेको संख्या एक लाख ६३ हजारभन्दा बढी थियो। यसले पनि विदेशिनेहरूको संख्या र अन्तरदेशीय बसाइँसराइको अवस्थितिलाई प्रस्ट पारेको छ।

०००

मार्क्सवाद, लेनिनवाद र माओवाद नेपालमा खुब रुचेको, रुचाइएको र पछ्याइएको विचारधारा हो। यही विचारका सहउत्पादन जनताको बहुदलीय जनवाद, एक्काइसौं शताब्दीको जनवाद, एकीकृत जनक्रान्ति वा अन्य विचारधारा आ-आफ्नो स्थान ओगटेर बसेका छन्। अहिले पनि नेपालमा कम्युनिस्ट बाहुल्यता छ। निर्वाचनको तथ्यांकलाई हेर्ने हो भने पनि यो प्रस्ट हुन्छ।

विपन्न र मध्यम वर्गमा पुँजीपति वर्गको अधिनायकत्व द्वन्द्वात्मक भौतिकवादले पनि स्वाभाविक ठान्छ। तर यो एकखाले पुँजीवादी दमन र उत्पीडन नै हो। यस्तै दमन, उत्पीडन, शोषण र शासकीय कमजोरी परास्त पार्न भन्दै तत्कालीन नेकपा माओवादीले थालेको १० वर्ष लामो जनयुद्ध ठूलो इतिहास हो। जनयुद्धले देखाएको बाटो, चेतना, विद्रोही चेत र जन जागरुकताको विषय अहम् विषय हुन्। यसलाई चाहेर वा नचाहेर नकार्न सकिन्न। तर, वर्गविहीन समाज निर्माण गर्ने भन्दै विद्रोहमा होमिएका गाउँहरू आज मानवविहीन बन्ने खतरामा हेलिएका छन्। युद्धमा सहभागी पुस्ता पनि विदेशका गल्ली चहार्दै छ। छोराछोरी सहर केन्द्रित बनिरहेका छन्। गाउँमा केही घर कुरुवा र विपन्नतालाई चिर्न नसकेको समूहमात्रै बाँकी रहने र पुँजीपति वर्गले त्यहाँ शासन गर्ने स्थिति सिर्जना हुने खतरा पैदा हुँदै गएको छ।

माओवादीले गाउँमा मानिसको दैनिकी, उनीहरूमा भएको उत्पीडन, शोषण र शासनसत्ताले गरेको उपेक्षालाई विद्रोही चेत विकासमा योगदान पुऱ्यायो। साथै, माओवादीले पनि चिनियाँ क्रान्तिमा महान नेता माओत्सेतुङलेझैं गाउँबाट सहर घेर्ने रणनीति अख्तियार गऱ्यो। माओवादीले रुकुम, रोल्पा, सिन्धुलीलगायत जिल्लाबाट गरेको विद्रोह देशैभर फैलियो। यसले राज्यशक्तिलाई कमजोरमात्रै पारेन, अन्तर्राष्ट्रिय समुदायलाई समेत चकित तुल्यायो। विश्व कम्युनिस्ट आन्दोलनलाई २१औं शताब्दीमा पनि दीर्घकालीन जनयुद्ध सम्भव छ है भन्ने सन्देश दियो।

माओले चीनमा गरेको क्रान्तिको मोडेल नेपालमा लागू गरिएपछि गाउँबाट सहर घेर्ने रणनीति सफल हुँदै आयो। गाउँहरू क्रान्तिकारी बनेका थिए। पहाडी क्षेत्रमा विपन्न, मध्यम वर्गले क्रान्तिबाट आमूल परिवर्तनको सपना देखे। तर, आज तीनै क्रान्तिकारी गाउँहरू रित्तिने क्रममा छन्। बर्सेनि मानिसको संख्या गाउँबाट पलायन हुँदै छ। अहिले गाउँमा युवा भेटिन्नन्। महिला र केही बालबालिका मात्रै गाउँमा छन्। जिउँदा जन्ती र मर्दा मलामी जाने मान्छे नै पाउन गाह्रो छ। यस्तो हुनुमा राज्यको असफल नीति र विश्वव्यापीकरणको बढ्दो प्रभावलगायतलाई मुख्य कारण मान्नुपर्ने स्थिति बनेको छ।

कुनैबेला गाउँ हराभरा र सुन्दर थियो। मानिसहरू खेती किसानीबाटै आफ्नो जीविकोपार्जन गर्दथे र पैसाको जोहो गर्न आज जस्तो विदेशिने ठूलो लहर थिएन र बसाइँ सर्ने पनि खास चलन थिएन। तर, आज बसाइँसराइ र सुविधा खोज्नेहरू सहर पसे। विदेशिनेहरू सकेसम्म उतै बस्न रुचाउने भए। अनि गाउँ रित्ता प्रायः भए।

माओको बाटो र माओवादीले लिएको क्रान्ति नीति फेरिने बहस चलिरहेको छ। तर, तिनै क्रान्तिकारी गाउँ र क्रान्तिकारी चेत उत्पादन गर्ने माटो अब रित्तो र पाखो, जंगल र झाडीमा परिणत हुने क्रममा छ। यसर्थ अब सहर केन्द्रित विद्रोह र गाउँ फर्क अभियानलाई उत्पादनसँग जोडेर आमूल परिवर्तनको संकेत दिन सकिएन भने पहाडी क्षेत्र मानवशून्य हुने र सहरमा ठेलमठेल हुने देखिन्छ। अझ अन्तरदेशीय बसाइँसराइ अब प्रमुख चुनौती बन्ने छ। त्यसकारण नेपालको अस्तित्व, मौलिकता र पहिचान नै गम्भीर संकटमा पर्ने खतरा छ।

मध्यपहाडी राजमार्गको पदयात्रापछि एमाले अध्यक्ष केपी शर्मा ओलीले तमोर नदी किनारमा नेताहरूसँग छलफल गर्दै मानव बस्ती सार्ने विषय र मानिसलाई राज्यले नै जमिन उपलब्ध गराएर सुरक्षित आवाससहित खेती कर्ममा जोडेर उत्पादनलाई जोड दिने विषय उठाएका थिए। एमालेले पदयात्राको क्रममा मध्यपहाड क्षेत्रका धेरै बस्ती रित्तिदै गएको र मानिसहरू सुविधाको स्तर खोजीमा भौतारिन थालेको निष्कर्षसमेत निकालेको छ। मध्यपहाड क्षेत्रमा मानिसको बसोबास स्थापित गर्न थुप्रै काम राज्यले गर्नुपर्ने सुझावसमेत दिइएको छ। यो वास्तवमै नेपालको मानचित्रमा पहाडी क्षेत्र रित्तिदै गएको संकेतको पूर्ववत् जानकारी र यसको समाधान खोज्न राज्य गम्भीर बन्नुपर्ने सन्देश हो।

माओवादी केन्द्रले थालेको चार महिने विशेष रूपान्तरण अभियानले देखाएको विषय पनि यही नै हो। माओवादी अभियानले सहर केन्द्रित संगठन संरचनामा जोड दिनुपर्ने, रुकुम-रोल्पाको नजरबाट माओवादीलाई बाहिर निकाल्नुपर्ने आवाज यसैको सहउत्पादन हो। गाउँ रित्तिनुमा राज्य, राजनीतिक नेतृत्व र हाम्रो सोच पनि जिम्मेवार छ। यसलाई परिवर्तन गर्न 'गाउँ फर्क अभियान'लाई सार्थकता दिने योजना चाहिन्छ। ग्रामीण कृषि, औद्योगिकीकरण, पर्यटन विकास, रोजगारी सिर्जनादेखि गाउँलाई प्रकृतिसँग प्रत्यक्ष जोडेर मानव सभ्यतालाई जागृत गर्नुको विकल्प छैन। गाउँमा मोटर पुगे पनि मोटर चढ्नुपर्ने स्थिति बनाउनुपर्ने छ। गाउँका बाटाहरू अर्गानिक उत्पादन बजारीकरणको प्रमुख मार्ग बन्नुपर्छ। गाउँमा पाइने जडीबुटी र त्यहाँको प्राकृतिक स्रोत साधनको पहिचान, सबलीकरण र वितरण राज्यले गर्नुपर्ने छ।

चीनले पनि आजभन्दा ४०/५० वर्ष अघिसम्म गहुँ, माछा मासु किन्नदेखि हरेक क्षेत्रमा कुपनबाट कार्यसम्पादन गर्ने गर्थ्यो। तर, चिनियाँ राजनीतिक नेतृत्वले देखाएको इच्छाशक्ति र योजनाले सार्थकता पाएसँगै अहिले विश्वमै विलासी सामग्रीको किनमेलमा चीन अघि छ। चिनियाँ अर्थतन्त्र विश्वकै सबल बन्न पुगेको छ। ग्रामीण बस्तीहरू हराभरा भएका छन्। जहाँ जे उत्पादन हुन्छ त्यो राज्यले नै किनेर किसानलाई मारमा पर्न दिएको छैन। ग्रामीण बस्तीहरूमा मानिस बसिरहेका छन्। त्यहाँ राज्यको बलियो उपस्थिति छ।

जटिल भूवनोटको चीनले यस्तो ठूलो परिवर्तन गर्न सक्छ भने नेपालले किन सक्दैन ? सक्नुपर्छ। तर, यसका लागि राज्यसँग बलियो संयन्त्र र चासो चिन्ता भने आवश्यक छ। प्राकृतिक स्रोत साधनले नेपाल भरिपूर्ण छ। स्रोतको उपयोगिताका लागि नेपाल 'भर्जिन ल्याण्ड' पनि हो। नेपालको भूगोलको हरेक १० किलोमिटरमा फरक अनुभूति गर्न सकिन्छ। ग्रामीण क्षेत्रमा उत्पादन हुने खाद्यान्न गुणस्तरीय मात्रै छैन, औषधीय गुणले भरि पूर्णसमेत छ। यहाँ थुप्रै बहुमूल्य जडीबुटी पाइन्छन्। केही यस्ता खेती पनि छन्, जुन पहाडी क्षेत्रको जीवनस्तर उकास्न धेरै समय कुर्नै पर्दैन। तर, यसका लागि पहिले राज्य तयार हुनुपर्छ। विश्वका धेरै मुलुक आणविक हतियार उत्पादन परीक्षणमा अभ्यस्त बन्दा हुने तर हामीले उत्पादन गर्ने वनस्पतिदेखि औषधिका लागि प्रयोग हुने गाँजा, अफिमजस्ता विषय किन बन्देज लगाइराख्ने ? राज्यले यस्ता तमाम काम गर्न सके गाउँ फर्क अभियान व्यवहारतः लागू हुने छ। तर, हरेक घर र चुल्होमा राज्यको उपस्थिति भने आवश्यक छ। अहिले जनतासँग राज्य नै छैन। राज्य अलमलिएको छ। राज्यले कानुन उदाहरणीय बनाएको छ। समाजवादमा जाने घोषणा पनि गरेको छ। तर, आधार तयार पार्ने कुराभन्दा सत्ताकै झिनाझपटी चलिरहेको छ। यस्तै कारणले नै नेपाल समृद्ध बन्ने बाटोमा अग्रसर बन्न सक्ने देखिन्न।

गाउँ रित्तिएका होइनन्, रित्ताइएका हुन्। राज्यले रित्याएको हो। माओले चीनमा गरेको सफल क्रान्तिलाई नेपालमा कार्यान्वयन गर्न ठूलो योगदान दिएका गाउँहरू युद्धपछि नै रित्तिएका हुन्। अब यसलाई पुर्नताजकी गर्ने दायित्व पनि यही व्यवस्था, प्रणाली र नेतृत्वको हो।

ग्रामीण क्षेत्रको बाँझो जमिन र जंगलले भरिन थालेको जमिनको सदुपयोगलाई सरकारले भू-उपयोग नीति नै बनाएर काम गर्नुपर्छ। गाउँमा ठूला-ठूला जडीबुटी प्रशोधन केन्द्रदेखि औषधि उत्पादन कारखाना खोलिनुपर्छ। बन्द गरिएका परम्परागत घरका झ्याल ढोका आर्थिक समृद्धिको सपना र सम्भावनासँगै खुल्दै जाने छन्। सहर केन्द्रित मानव सोच गाउँ फैलिने छ। गाउँ हराभरा भयो भने नेपाली समृद्ध बन्ने छ। विज्ञान प्रविधिले साँघुरो बनाएको विश्व समुदाय गाउँको अर्गानिक-प्राकृतिक उत्पादन र मनोरम दृश्यसँग भुल्ने गन्तव्य बन्ने छ।

## पत्र-मञ्जुषा

### समाजसेवाको नाममा लुटधन्दा मच्चाउनेहरू भ्रष्टाचारी होइनन् ?

मुलुकमा समाजसेवाको नाममा लुटधन्दा फस्टाएको छ। जसको गतिलो उदाहरण बनेका छन् हास्य कलाकार दम्पती सिताराम कट्टेल 'धुर्मुस' र कुञ्जना घिमिरे 'सुन्तली' तथा इन्द्रेणी कार्यक्रमका सञ्चालक कृष्ण कँडेल। समाज सेवा गर्ने वा क्रिकेट रंगशाला बनाउने भन्दै धुर्मुस-सुन्तली फाउण्डेसन खोलियो। कँडेलले पनि गरिब, असहाय, आर्थिक अवस्था नाजुक भएका, दुःखी, पीडितलाई सहयोग गर्ने बताउँदै इन्द्रेणी सुरू गरेका हुन्। उनीहरूको यो कार्य देखेर देश-विदेशका जनता आकर्षित भए। र, संसरबाट सहयोगको हात अघि बढाए।

धुर्मुस-सुन्तली फाउण्डेसन र इन्द्रेणीलाई धेरैले आर्थिक सहयोग गरेका छन्। बूढाबूढीहरूले आफ्नो वृद्धाभत्तासमेत दिएका छन्। बालबालिकाहरूले आफ्नो खाजा खर्च जोगाएर सहयोग गरेका छन्। आमनागरिकले आफ्नो तलबसमेत सहयोग गरेका छन्।

